१७ साउन २०७४

## प्रेस विज्ञप्ति

# डा.केसीको जीबन रक्षा गर ।

बरिष्ठ अर्थोपेडिक चिकित्सक डा. गोबिन्द केसीले नेपालको स्वास्थ्य सेवा र शिक्षामा सुधार ल्याउँनका निमित्त ११औं पटक आमरण अनसन बस्नु परेको घट्नाप्रति जवाफदेहीता निगरानी समिति गम्भीर चासो र चिन्ता ब्यक्त गर्दै उहाँको जीवन रक्षाका लागि सरकारसँग अपिल गर्दछ ।

डा.केसीले ज्यान जोखिममा राखेर थालेको सत्याग्रह कुनै ब्यक्तिगत स्वार्थ नभएर शिक्षा र समग्र राज्यको सामाजिक न्याय, चुस्त ब्यवस्थापन र सुशासनको लागि हो । विगतमा सरकार र उहाँवीच भएका सहमति र सम्झौता पालना नभएबाट डा. केसीले ११औं पटक आमरण अनसन बस्नु पर्ने अवस्था श्रृजना हुनु दुःखद् छ ।

डा. केसीका प्रतिनिधि र नेपाल सरकारबीच विभिन्न चरणमा वार्ता भएपनि हालसम्म त्यसबाट निकास ननिस्कनु दुर्भाग्यपूर्ण हो । डा. केसीसँग विगतमा भएका सम्झौता कार्यन्वयन नहुनुमा सरकार गैरजिम्मेवार भएको निगरानी समितिको ठहर छ ।

डा. केसी अनसन बसेको आज ८औं दिन बितिसकेको छ । उहाँको स्वास्थ्य स्थिति दिन प्रतिदिन बिग्रदै गएको छ । यतिका दिन वितिसक्दा पनि उहाँको मागप्रति सरकार गम्भीर नहुनु दुखद छ । त्यसैले जबाफदेहीता निगरानी समिति डा. केसीको बिग्रदो स्वास्थ्यप्रति चिन्तित हुँदै उहाँका जायज माग तत्काल पूरागरी जीबन रक्षाको लागि अबिलम्ब पहल गर्न सरकार, प्रमुख राजनीतिक दल र सांसदहरुसँग अपिल गर्दछ । साथै, समिति डा.केसीको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछ ।

जवाफदेहीता निगरानी समितिका तर्फबाट

(चरण प्रसााई)
संयोजक

सम्पर्क: शिव विसंखे ९८४१५८६३६३